मिति २०८१।४।१० गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा वसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८१।४।१० गते।

बैठक बसेको समयः बिहान ८.०० बजे।

**उपस्थिति**

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | (हस्ताक्षर) |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | (हस्ताक्षर) |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | (हस्ताक्षर) |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | (हस्ताक्षर) |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | (हस्ताक्षर) |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | (हस्ताक्षर) |
| ८. | श्री बीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | (हस्ताक्षर) |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | (हस्ताक्षर) |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | (हस्ताक्षर) |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | (हस्ताक्षर) |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | (हस्ताक्षर) |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | (हस्ताक्षर) |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| श्री पदम बहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | (हस्ताक्षर) |



Scanned with CamScanner

मिति २०८१।४।१० गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | करार कर्मचारीहरुको करार सम्झौता नवीकरण गरी म्याद थप गर्ने सम्बन्धमा। | प्रशासन शाखा |
| २. | शिक्षण सहयोग अनुदान कोटाको निरन्तरता सम्बन्धमा । | शिक्षा शाखा |
| ३. | गाउँ शिक्षक पदमा करार नियुक्ति भएका शिक्षकको सम्झौता नवीकरण सम्बन्धमा। | शिक्षा शाखा |
| ४. | विद्यालयमा आमा कार्यक्रमको निरन्तरता तथा विद्यालय थप गर्ने सम्बन्धमा। | शिक्षा शाखा |
| | विविध | |

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका तथा अन्तर्गत निकायमा स्वीकृत दरबन्दी, पालिका दरबन्दी तथा कार्यक्रम अन्तर्गत रहेर कार्यरत रहनु भएका सम्पूर्ण करार कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन सन्तोषजनक रहेकोले आगामी ६ महिना (२०८१।०९।३० गतेसम्म) का लागि करार सम्झौता नवीकरण गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा गत आ.व २०८०।०८१ मा यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा प्रदान गरिएको माध्यमिक तह कक्षा (९-१०) को संघीय तथा प्रदेश एवम् आधारभूत तह कक्षा (६-८) को अंग्रेजी, गणित र विज्ञान विषयको संघीय शिक्षण सहयोग अनुदान कोटा सम्बन्धित विद्यालयहरुमै मिति २०८२ असार मसान्तसम्मका लागि निरन्तरता दिने निर्णय पारित गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गत आ.व २०८०/०८१ मा गाउँ शिक्षक पदमा करार नियुक्ति भएका सबै तहका गाउँ शिक्षकहरुको करार सम्झौता आ.व २०८१/०८२ मा समेत नवीकरण गरी मिति २०८१ पौष मसान्तसम्म म्याद थप गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८०/०४/३१ को गाउँ कार्यपालिका वैठकबाट पारित विद्यालयमा आमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० लाई आ.व २०८१/०८२ का लागि समेत निरन्तरता दिने। उक्त कार्यविधि वमोजिम गत आ.व २०८०/०८१ मा छनौट भइ कार्यक्रम कार्यान्वयन गरिएको श्री कमानेश्वरी आधारभूत विद्यालय लङ्गुरदोभान तीनपाटन १ मा चालु आ.व



Scanned with CamScanner

२०८१/०८२ का लागि समेत निरन्तरता दिने र उक्त कार्यक्रम कार्यान्वयन गर्न चालु आ.व. मा श्री जनता आधारभूत विद्यालय जोगेलाई थप गर्ने निर्णय पारित गरियो।

बिबिधः

क. यस गाउँपालिकाको वडा नं. ८ को समन्वय सिड्स नेपाल सिन्धुलीद्वारा सञ्चालित पोषण तथा जीविकोपार्जन परियोजना अन्तर्गत सिउडीबोटमा कृषि उपज संकलन केन्द्र निर्माणको लागि सिड्स नेपालले साझेदारीको लागि अनुरोध गरे बमोजिम गाउँपालिकाको तर्फबाट समपुरक कोषबाट भुक्तानी हुने गरी रु ३००००।-(अक्षरेपी तीस हजार मात्र) को साझेदारी गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

ख. यस गाउँपालिकाको वडा नं. ३ को वडा कार्यालय भवनको मर्मत तथा व्यवस्थापनको लागि प्राविधिक स्टमेट बमोजिम अधिकतम रु ५००००।-को सिमाभित्र रही मर्मत गर्न वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय सर्वसम्मत पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।